म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- १३४ २०८० चैत २२ गते बिहीबार 4 April 2024, Thursday - पृष्ठ ८ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## बागमती प्रदेश प्रमुख सचिव विहिन




*प्रमुख सचिव उपाध्यायलाई मायाको चिनो प्रदान गरी विदाई गर्नुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेल ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायको सरुवा भएको छ । प्रमुख सचिव उपाध्यायको संघीय सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा भएको छ। प्रमुख सचिव उपाध्यायको सरुवा भएसँगै बागमती प्रदेश प्रमुख सचिव विहिन भएको छ ।

गत बिहीबार बसेको संघीय मन्त्रिपरिषद् बैठकले सचिवहरुको सरुवा गर्ने निर्णय गरे अनुसार उपाध्यायलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा गर्ने निर्णय भएको थियो । सोही अनुसार उपाध्याय मंगलबार बागमती प्रदेश मुख्यमन्त्री कार्यालयबाट बिदाई हुनुभएको हो । संघका सचिवहरुको बढुवा भएसँगै ठुलो संख्यामा मन्त्री परिषद्ले सचिवको सरुवा गरेको हो । उपाध्यायको सरुवा भएसँगै बागमती प्रदेश प्रमुख सचिव बिहिन भएको हो। प्रदेशमा प्रमुख सचिवको रुपमा को आउने निश्चित भएको छैन ।

मन्त्रिपरिषद्को गत साउन ३ गतेको बैठकले उपाध्यायलाई सचिवको रूपमा पहिलो जिम्मेवारी दिएको थियो। उपाध्याय यसअघि काठमाडौंको प्रमुख जिल्ला अधिकारी हुनुहुन्थ्यो । उपाध्याय पहिलो पटक बढुवा भएसँगै उहाँले बागमती प्रदेशको प्रमुख सचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो। उपाध्याय बागमती प्रदेशमा करिब ८ महिना बसेर सरुवा हुनुभएको हो ।

## व्यवसायी भेटुवाल रहेनन्

समाज संवाददाता

हेटौंडाः मकवानपुरका व्यवसायी गणेश भेटुवालको निधन भएको छ। कलेजोमा समस्या भएपछि उपचारका लागि गत शनिबार भेटुवाललाई दिल्ली लगिएको थियो। ४८ वर्षीय भेटुवालको मंगलबार साँझ निधन भएको उहाँका भाइ राजेश भेटुवालले जानकारी दिनुभएको छ।

भेटुवालको शव लिएर मंगलबार साँझै दिल्लीबाट फर्किएको र बुधबार साँझ हेटौंडा आइपुगेको छ । भेटुवालको अन्तिम संस्कार हेटौंडा-१९, बस्तीपुरस्थित शिवघाटमा आज बिहिबार बिहान गरिने परिवारले जनाएको छ। निर्माण व्यवसायी भेटुवाल हेटौंडा सिमेन्ट उद्योगको अध्यक्ष समेत हुनुहुन्थ्यो ।

व्यवसायसँगै सामाजिक सेवाको क्षेत्रमा पनि क्रियाशील भेटुवाल हेटौंडा-१९, बस्तीपुर स्थित निर्मल बहुमुखी क्याम्पसका संस्थापक अध्यक्ष, बस्तीपुर जेसीज हाँडीखोलाका संस्थापक अध्यक्ष, निर्माण व्यवसायी संघ मकवानपुर र मकवानपुर उद्योग वाणिज्य संघको पूर्वउपाध्यक्ष हुनुहुन्थ्यो । भेटुवालको निधनप्रति मकवानपुरका व्यवसायी, सामाजिक व्यक्तित्वहरुले दुख व्यक्त गरेका छन्।

## प्रथम अन्तर प्रदेशस्तरीय खेलकुदको तयारी अन्तिम चरणमा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा यही चैत २५ गतेबाट हुन लागेको प्रथम अन्तरप्रदेशस्तरीय खेलकुद प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ। बुधबार चितवनको भरतपुर महानगरपालिकामा पत्रकार सम्मेलन गर्दै प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले चैत २५ गतेदेखि बैशाख १ गतेसम्म हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभएको हो ।

प्रतियोगितामा १ सय ३६ वटा स्वर्ण पदकका लागि ७ वटा प्रदेशको करिब १ हजार ५ सय ४७ जना खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताका लागि १ सय ३६ वटा स्वर्ण, १ सय ३६ वटै रजत र १ सय ८६ वटा कास्य पदक गरी ४ सय ५८ वटा पदकको व्यवस्था गरिएको सदस्यसचिव भण्डारीले बताउनुभयो ।

प्रतियोगितामा छनोट हुने खेलाडीहरुलाई प्रशिक्षण दिएर १० औँ संस्करणको राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने उहाँले बताउनुभयो । विभागीय टिम मजबुत भएको र सबै खेलाडीहरु विभागीय टोलीमा लागेको तथ्यलाई मध्यनजर गरेर प्रतियोगिता गर्न लागेको उहाँको भनाइ छ। प्रतियोगिताको माध्यमले सबै प्रदेशले समयमा खेलाडीहरु तयार गर्ने र खेलाडी उत्पादनमा थप टेवा पुग्ने उहाँले दावी गर्नुभएको छ ।

प्रतियोगिताको उद्घाटन चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले गर्नुहुनेछ भने समापन हेटौंडा-६ स्थित गौरीटार रंगशालामा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले गर्नुहुनेछ। गौतम बुद्ध क्रिकेट रंगशालालाई अन्तर्राष्ट्रियरुपमा चिनाउन प्रतियोगिताको उद्घाटन चितवनमा गर्न लागेको र मकवानपुरमा फुटबल खेलप्रतिको आकर्षण बढ्दो क्रममा रहेकाले प्रतियोगिताको समापन हेटौंडामा गर्न लागेको उहाँले बताउनुभयो ।

यसअघि प्रदेशले प्रतियोगिताको समापन हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशाला गर्ने भनेता पनि चौथो संस्करणको मेयर कप फुटबल प्रतियोगिता २४ गतेबाट सुरु हुने भएकाले प्रतियोगिताको समापन गौरीटारमा गर्न लागेको उहाँको भनाइ छ। भरतपुर महानगरपालिको भ्रमण वर्षसमेत सफल बनाउने लक्ष्य लिएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा ७ प्रदेशका खेलाडीहरुबीच ९ वटा विधामा प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताअन्तर्गत् पुरुष फुटबल हेटौंडाको गौरीटार रंगशालामा हुनेछ भने बाँकी ८ वटा खेलहरु भरतपुर महानगरपालिकामै हुनेछ । एथ्लेटिक्स चैत २६ र २७ गते चितवनको चित्रवन रंगशालामा र २६ गतेदेखि २८ गतेसम्म भलिबल भरतपुरको गेष्ट हाउस चौरमा हुनेछ ।

यस्तै, कराँते र तेक्वान्दो चैत २६ र २७ गते भरतपुर महानगरपालिकाको औद्योगिक प्रदर्शनी हलमा हुनेछ । पौडी प्रतियोगिता २६ र २७ गते एल्टीडी हबेलीमा र व्याडमिन्टन चैत २६ गतेदेखि २८ गतेसम्म भरतपुर महानगरपालिकाको कभर्ड हलमा हुनेछ। महिला क्रिकेट २४ गतेदेखि २७ गतेसम्म र पुरुष क्रिकेट चैत २८ गतेदेखि बैशाख १ गतेसम्म गौतमबुद्ध क्रिकेट रंगशालामा हुनेछ । महिला फुटबल चैत २६ गतेदेखि बैशाख १ गतेसम्म बखत स्मृति रंगशालमा र बक्सिङ औद्योगिक प्रदर्शनी कभर्ड हलमा चैत २६ गतेदेखि २९ गतेसम्म हुनेछ ।

प्रतियोगिता सम्पन्न गर्नका लागि प्रदेश खेलकुद विकास परिषद् अध्यक्ष कुमारी मोक्तानको अध्यक्षतामा मुल समारोह समिति गठन गरिएको छ भने सदस्यसचिव भण्डारीको अध्यक्षतामा कार्यकारी समिति गठन गरिएको छ । प्रतियोगिताका लागि विभिन्न ५ उपसमितिहरु र ९ वटा समिति गठन गरिएको छ ।

प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेताले क्रमशः ५ हजार रुपैयाँ, ४ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको उपाधि विजेता टिमले ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले १० हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि करिब १२ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको खर्च प्रदेश खेलकुद विकास परिषद्ले व्यहोर्नेछ। यस्तै, खेलाडीहरुलाई ट्र्याकसुट, जुत्ता, मोजा र टावेल पनि प्रदान गरिनेछ।






समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## मन्त्रिपरिषद् जम्बो बन्दै

बागमती प्रदेशको मन्त्रिपरिषद् विस्तार भएको छ । मंगलबार दुई चरणमा मौजुदा मन्त्रिपरिषद्मा ५ जना मन्त्री थप गरिएको हो । २०७९ साल मंसिरमा निर्वाचन सम्पन्न भएपछि बागमती प्रदेशमा गठन भएको मन्त्रिपरिषद्मा बारम्बार फेरबदल भइरहेको छ । सत्ता गठबन्धनमा भइरहेको परिवर्तनका कारण करिब १४ महिनाको अवधिमा मुख्यमन्त्रीले प्रदेशसभाबाट ३ पटक विश्वासको मत लिनुपरेको छ । सत्तारुढ गठबन्धनमा सहभागी दलहरुबीच मन्त्रालय भागबण्डा मिलाउन र मन्त्री बन्नेको आकांक्षा पूरा गर्न जम्बो मन्त्रिपरिषद् बनाइको छ । सुरुवातमा ७ वटा मन्त्रालय रहेको बागमती प्रदेशमा दलहरुबीच भागबण्डा मिलाउनकै लागि १४ वटासम्म मन्त्रालय पुऱ्याइएको थियो । हाल १२ वटा मन्त्रालय रहेको बागमती प्रदेशमा १३ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ । नेकपा एकीकृत समाजवादीबाट मन्त्री बनेका एक जनालाई मन्त्रालय नपुगेपछि बिना विभागीय मन्त्रीको रुपमा सपथग्रहण गराइएको छ ।

विगतमा राजनीतिक भागबण्डाका आधारमा सरकार सञ्चालन गर्ने र जम्बो मन्त्रिपरिषद् गठन गर्ने प्रतिस्पर्धा नै चलेको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ६० जनाभन्दा बढीको मन्त्रिमण्डल बनाएर चर्को आलोचना खेपेका कारण वर्तमान संविधानले नै मन्त्रिपरिषद्को अधिकतम सदस्य संख्या तोकिदिएको छ । नेपालको संविधान २०७२ ले संघीय सरकारमा २५ जनाभन्दा बढीको मन्त्रिपरिषद् बनाउन नपाउने व्यवस्था गरेको छ । प्रदेश सरकारमा सम्बन्धित प्रदेशसभाको कूल सदस्य संख्याको २० प्रतिशत नबढ्नेगरी मन्त्रिपरिषद् गठन गर्नुपर्ने व्यवस्था छ । जसअनुसार बागमती प्रदेशमा २२ जनासम्मको मन्त्रिपरिषद् गठन गर्न सकिन्छ । तर, प्रदेशमा सानो मन्त्रिमण्डल उपयुक्त हुने भन्दै राजनीतिक दलहरुले प्रदेशमा घटीमा ८ र बढीमा ११ जनाको मन्त्रिपरिषद् बनाउने सहमतिसमेत गरेका थिए । तर, सरकार बनाउन र टिकाउन विभिन्न समयमा विभिन्न दलबीच गठबन्धन गर्नुपर्ने बाध्यात्मक अवस्थाका कारण बागमती प्रदेशमा सहमतिभन्दा धेरै संख्यामा मन्त्री बनाइएको छ ।

करिब एक महिनाअघि केन्द्रमा सत्ता गठबन्धनमा फेरबदल भएसँगै बागमती प्रदेशमा पनि त्यसको असर परेको छ । प्रदेश सरकारबाट नेपाली कांग्रेसका ६ जना मन्त्रीले राजीनामा दिएपछि मन्त्रिपरिषद् विस्तार भइरहेको छ । ६ जनाले राजीनामा दिए पनि अहिले ७ जना मन्त्री थपिएपछि मन्त्रालय नै नपुगेको हो । पछिल्लो समय बागमती प्रदेशमा हाम्रो नेपाली पार्टीका एक, नेकपा एकीकृत समाजवादीका एक र नेकपा एमालेका ५ जना मन्त्री थप गरिएको छ । ११० सदस्य संख्या रहेको बागमती प्रदेशसभाबाट मुख्यमन्त्रीले पछिल्लो पटक विश्वासको मत लिँदा जम्मा ५६ जना उनको पक्षमा देखिएका छन् । मुख्यमन्त्रीलाई विश्वासको मत दिनेमध्ये एक जनाले मत फिर्ता लिएमा सरकार फेरि अल्पमतमा पर्ने जोखिम रहेको अवस्थामा सबैलाई सन्तुष्ट बनाएर सरकार टिकाउनु मुख्यमन्त्रीको बाध्यता बनेको छ । यसले गर्दा पनि मन्त्रिपरिषद् जम्बो बन्दै गएको हो ।

विगतमा विभिन्न राजनीतिक दलहरुबीच सहमतिका आधारमा मिलीजुली सरकार बनाउने गरिएको थियो । अहिले त दलहरुबीच गठबन्धन नै गरेर सरकार बनाउने गरिएको छ । सत्ता गठबन्धनका दलबाट मागबमोजिम मन्त्री नियुक्त गरिँदा मन्त्रिपरिषद् जम्बो आकारको हुने गरेको छ । मन्त्रालयको संख्याभन्दा बढी मन्त्री बनाउने क्रमसमेत सुरु भएपछि मन्त्रिमण्डलको आकार ठूलो हुँदै गएको छ । राजनीतिक दलहरुबीचको यस्तो परिपाटीले राज्यले अनावश्यक आर्थिक भार बेहोर्नुपर्ने र सरकारले प्रभावकारी काम गर्न नसक्ने अवस्था सिर्जना हुने निश्चित छ । धेरै सदस्यीय मन्त्रिपरिषद् हुँदा निर्णय प्रक्रियामा अनावश्यक अलमल हुन्छ भने सरकारको व्ययभारसमेत बढ्ने निश्चित छ । जम्बो मन्त्रिमण्डल बनाएर आलोचित हुनुभन्दा सानो मन्त्रिमण्डल बनाएमा निर्णय गर्न सजिलो हुनुका साथै राज्यको खर्च कम गर्न सकिने तथ्यलाई राजनीतिक दल र सरकार प्रमुखले बुझ्नु आवश्यक छ ।

# राजस्व वृद्धिका लागि नीतिगत सुझाव



✍पदम भण्डारी

अहिले राष्ट्रिय योजना आयोग १६ औँ पञ्चवर्षीय योजनाको तयारीमा जुटेको छ । यससँगै तीनवटै तहका सरकारहरु आवधिक, वार्षिक, विषयगत र क्षेत्रगत हिसाबले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउने प्रक्रियामा छन् । मुलुकको अहिलेको ध्यान राजस्व संकलनको दायरा बढाउने हो, तर त्यसमा थुप्रै चुनौती छन् ।

कुल गार्हस्थ्य उत्पादन, व्यापार घाटा, कर राजस्व, राष्ट्रिय ऋण र उत्पादनजस्ता प्रमुख आर्थिक सूचकहरू तीव्र रूपमा घटेका छन्, जसले अर्थतन्त्रमा राम्रो संकेत गर्दैन । आव ०८०/८१ को अर्धवार्षिक अवधिको आयात-निर्यातको अवस्था हेर्ने हो भने ठूलो मात्रामा व्यापार घाटा (कुल आयात- १० खर्ब, कुल निर्यात- १ खर्ब, व्यापारघाटा- ९ खर्ब) देखिन्छ ।

नेपालको संविधानले दिएको अधिकार अनुसार जम्मा २२ विषय र १ सय ७४ विशेष कार्यका साथै थप ५९ समवर्ती कार्यहरू स्थानीय तहलाई हस्तान्तरण गरिएको छ, जसअनुसार नीति, कानुन, योजना कार्यान्वयन र व्यवस्थापन एवं अनुगमन र पर्यवेक्षणअन्तर्गत नगरपालिका प्रहरी, सहकारी, कृषि र पशुधन, एफएम सञ्चालन, स्थानीय कर, प्राथमिक र माध्यमिक शिक्षा विकास कार्यक्रम र परियोजनाहरू, तथ्यांक र अभिलेख संग्रह, स्थानीय सेवा व्यवस्थापन, आधारभूत स्वास्थ्य सेवा र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, स्थानीय सडक, मध्यस्थता, सूचना व्यवस्थापन, जग्गाको स्वामित्वको कागजात आदि पर्छन् ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड, बाह्य वित्तपोषण र केही हदसम्म स्थानीय ऋणबाट नेपालमा प्रदेश सरकार र स्थानीय तहले प्रमुख चार राजस्व मोडलहरूमार्फत कोष परिचालन गर्छन् । प्रदेश सरकारले थोरै मात्रको राजस्व उठाउने अधिकारहरू जस्तै भूमि दर्ता शुल्क, मोटर वाहन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयकर र अन्य हुन् भने स्थानीय तहहरूले स्थानीय कर (सम्पत्ति कर, घर भाडा कर, घर जग्गा दर्ता शुल्क, सवारी साधन कर), सेवा शुल्क, विज्ञापन कर, व्यवसाय कर, जग्गा कर, मनोरञ्जन कर र अन्य उठाउँछन् ।

प्रदेश सरकारहरुले स्वदेशी उत्पादनमा मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्कको १५ प्रतिशत प्राप्त गर्छन् भने प्राकृतिक स्रोतहरु (पर्वतारोहण, वन, विद्युत उत्पादन र खानी) लगायत प्राकृतिक स्रोतहरूबाट पनि २५ प्रतिशत रोयल्टी प्राप्त गर्छन् । वित्तीय स्थानान्तरणको सन्दर्भमा, प्रदेश सरकारहरूले वित्तीय समानीकरण, ससर्त, विशेष र मिलान अनुदान गरी चार प्रकारका अनुदानहरू प्राप्त गर्छन् ।

अन्तरसरकारी वित्तीय व्यवस्था ऐनले स्थानीय तहले प्रत्येक स्वदेशी उत्पादनमा मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्कको १५ प्रतिशत प्राप्त गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहले प्राकृतिक स्रोत, पर्वतारोहण, वन, विद्युत उत्पादन, खानी आदिबाट पनि २५ प्रतिशत रोयल्टी पाउँछन् । अनुदानको सन्दर्भमा स्थानीय तहले चार प्रकारका अनुदान प्राप्त गर्छन्- वित्तीय समानीकरण, ससर्त, विशेष र मिलान अनुदान । बाह्य तथा आन्तरिक ऋणको हकमा संघीय सरकारको स्वीकृति लिनुपर्नेछ ।

स्थानीय तहले अहिलेसम्म आर्थिक स्रोत परिचालनमा खासै ध्यान दिएका छैनन् । आ.व. २०७६-७७ मा स्थानीय तहहरूको आन्तरिक राजस्व ३५ अर्ब २८ करोड रुपैयाँ रहेको थियो । संघीय र प्रादेश सरकारबाट प्राप्त अनुदान ५०.३९ प्रतिशत थियो । भ्याट, अन्तःशुल्क र सवारी करबाट हुने राजस्व १३.७० प्रतिशत पुगेको थियो भने विविध राजस्व १५.२८ प्रतिशत थियो । आर्थिक वर्ष २०७७-७८ मा लेखापरीक्षण भएका ७ सय ४९ स्थानीय एकाइले ६ सय ५९ अर्ब राजस्व संकलन गरेका थिए । सो रकममध्ये आन्तरिक कर राजस्व ३५ अर्ब ७५ करोड (५.४२ प्रतिशत) पुगेको थियो ।

सम्पत्ति करको लेखाजोखा गर्दा पोखरा महानगरपालिकाको सबैभन्दा बढी २९.४१ प्रतिशत र काठमाडौं महानगर पालिकाको सबैभन्दा कम १८ प्रतिशत रहेको थियो । नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौंले प्रकाशित गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिको प्रतिवेदनअनुसार मलेसियाको क्वालालम्पुर सहरको कुल आन्तरिक राजस्वमा सम्पत्ति कर ४६ प्रतिशत रहेको छ भने नेपालका महानगरहरूको औसत प्रतिव्यक्ति सम्पत्ति कर ६ सय ५० रुपैयाँभन्दा कम छ । स्थानीय सरकारको कुल आन्तरिक राजस्वमा सम्पत्ति करको हिस्सा १३ प्रतिशत छ भने महानगरको १९ प्रतिशत छ । यो तथ्यांकले के देखाउँछ भने अन्तर्राष्ट्रिय प्रचलनका आधारमा सम्पत्ति कर बढाउन जनचेतना जगाउनु जरुरी छ ।

कर प्रणालीलाई एकल कर प्रशासन प्रणाली अवलम्बन गरिएको छ । यसको अर्थ एक तहको सरकारले राजस्व संकलन गरेर अर्को तहमा बाँडफाँड गर्छ । उदाहरणका लागि प्रदेश सरकारले सवारी कर उठाउँछ र त्यसको ४० प्रतिशत स्थानीय तहलाई बाँड्छ । त्यसैगरी स्थानीय सरकारले सम्पत्ति दर्ता शुल्क उठाएर ४० प्रतिशत रकम प्रदेशलाई बाँड्ने गरेको छ ।

सरकारले करको दायरा बढाउने नीति अपनाउनुपर्छ । सरकारले करको दर बढाउनुभन्दा यसको दायरा बढाउन र कर अनिवार्य र तिर्ने गरी जनता र व्यवसायीलाई करको दायरामा ल्याउनेतर्फ विशेष ध्यान दिनुपर्छ । व्यवसायहरू प्रवर्द्धन गरी समुदायको आम्दानी बढाउन व्यवसायलाई स्थानीय रूपमा सञ्चालन गर्न, रोजगारी सिर्जना गर्न र कर राजस्व उत्पन्न गर्न प्रोत्साहन दिनु महत्वपूर्ण छ ।

मनोरञ्जन तथा विज्ञापन कर, जरिवाना, सेवा तथा वस्तुको बिक्रीबाट हुने आम्दानी, पर्यटन शुल्क, एफएम रेडियो सञ्चालन शुल्क र टेलिभिजन सञ्चालन शुल्क स्थानीय तहजस्तै प्रदेशले पनि अन्य राजस्व शीर्षकमा खासै ध्यान दिएको छैन । प्रदेशहरू आफ्ना सीमित स्रोतहरू जस्तै सवारी कर, भवन र जग्गा दर्ता शुल्कमा धेरै निर्भर छन् । आफ्नै स्रोतबाट हुने आम्दानीको हिस्सा निकै न्यून छ । यसका लागि राजस्वको आधार र सम्भावना विस्तार गर्न आवश्यक छ । यसबाहेक विद्यमान राजस्व अधिकारको व्यापक प्रयोग पनि आवश्यक छ ।

त्यसैगरी प्रदेश सरकारले राजस्व परिचालनमा थप ध्यान जरुरी छ । तिनीहरूले वित्तीय स्थानान्तरणमा मात्र भर नपरेर आफ्नै आम्दानी बढाउने प्रयास पनि गर्नुपर्छ । प्रदेशमा आफ्नो राजस्वको आधार बढाउनेतर्फ संघीय सरकारले समेत ध्यान दिनु जरुरी छ । बढ्दो सहरीकरण स्थानीय तहहरूलाई राजस्व परिचालनको अवसर हो । सहरीकरणका आधारमा जग्गाको मूल्य बढेसँगै सम्पत्ति करको दायरा पनि बढ्दै गएको छ । यदि उचित रूपमा व्यवस्थापन गरियो भने यो सहरी पूर्वाधारको राम्रो स्रोत पनि हो । यो करले स्थानीय तहलाई सार्वजनिक सेवा प्रवाहलाई थप जवाफदेही, प्रभावकारी र उत्तरदायी बनाउन मद्दत गर्छ ।

त्यस्तै स्थानीय उत्पादन र उद्यमशीलता प्रवर्द्धन गर्नुपर्छ, जसले प्रदेश सरकार र स्थानीय तहहरूलाई कर पुनः सुरु गर्न र आर्थिक वृद्धि (जनताका लागि आय र रोजगारी) लाई समर्थन गर्न मद्दत गर्नेछ । स्थानीय स्रोतको समुचित उपयोगले प्रदेश सरकार र स्थानीय तहलाई राजस्वको आधार बढाउन मद्दत गर्नेछ र फलस्वरूप थप अन्तर्राष्ट्रिय स्रोत जम्मा हुनेछ । सरकार प्रभावकारी र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा केन्दित हुँदा जनता सेवामा विश्वस्त र सन्तुष्ट भए भने नागरिकले अधिक योगदान गर्न सक्छन् । दण्ड र पुरस्कार अर्थात् इनाम र सजाय संयन्त्रमार्फत हरित र दिगो व्यवसाय प्रवर्द्धन गर्नु जरुरी छ । यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ ।

*(स्रोत: कारोबारदैनिक)*

# पोस्टमार्टमबाट के कुरा पत्ता लाग्छ ?

हत्या वा कुनै शंकास्पद मृत्यु भएमा सो मृत्युको कारण के हुनसक्छ भनी पत्ता लगाउन पोस्टमार्टम गरिन्छ । पोस्टमार्टम एक शल्यपरीक्षण हो, जसमा मृत शरीरको भित्री र बाहिरी अंगहरुको जाँच गरिन्छ ।

फौजदारी कार्यविधि (संहिता) ऐन २०१७ को दफा २० मा नेपालको भूभागभित्र दुर्घटना, आत्महत्या वा शंकास्पद मृत्यु भएमा सरकारले तिर्ने सम्पूर्ण खर्चसहित मृतकको पोस्टमार्टम गर्नुपर्ने व्यवस्था नेपालको संविधानमा उल्लेख छ । आकस्मिक र अप्राकृतिक मृत्युको अनुसन्धानका लागि जिम्मेवार कानुनी अधिकारीहरूको अनुरोधमा पोस्टमार्टम गरिन्छ ।

स्वभाविक रूपमा मृत्यु भएको ठाउँमा पोस्टमार्टम गर्नु आवश्यक हुँदैन । तर शंकास्पद अवस्थामा मृत्यु भएको भए पोस्टमार्टम गर्नुपर्छ । पोस्टमार्टम गर्दा मुख्यता पाँच परीक्षण गरिन्छ । बाहिरी परीक्षण, एक्स-रे, शरीरको तरल पदार्थको परीक्षण, मस्तिष्क परीक्षण, आन्तरिक परीक्षण । यस्तोमा पोस्टमार्टम मार्फत मुख्यतया तीन कुरा पत्ता लाग्छ ।

### मृत्युको कारण

सामान्यतया मृत्युको कारण पत्ता लगाउन शवको पोस्टमार्टम गरिन्छ । जसका लागि शवको बाहिरी र भित्री परीक्षण गरिन्छ । बाहिरी जाँच गर्दा पहिले उसले लगाएको लुगाको बारेमा वर्णन गरिन्छ ।

त्यसपछि लुगा खोलेर जनरल जाँच




जस्तै लासको उचाइ, तौल, चोट, मृत्युपछि हुने परिवर्तन, हातखुट्टाको अवस्था, नाकमुखबाट केही तरल पदार्थ आएको छ कि लगायतका कुरा नोट गरिन्छ । त्यसपछि क्रमशः छाती, पेट, टाउको खोलिन्छ र बाहिर निकालेर भित्री अङ्गहरूको जाँच गरिन्छ । केही चोटपटक लागेको वा रोग लागेको छ कि भनेर जाँच गरेपछि मृत्यु हुनुको कारण पत्ता लगाइन्छ ।

दुर्घटना भएको हो भने मृतकको शरीरमा लागेको चोटपटक देखिन्छ, यदि झुण्डिएर मरेको हो भने मृतक झुण्डिंदा देखिएका दाग अनि झुण्डिएको डोरी र अवस्थाको परीक्षण गरिन्छ । जस्तो गोली लागेको केसमा भित्री चोटभन्दा पनि बाहिरको घाउ देखिन्छ ।

यसरी पोस्टमार्टम गर्दा कुनै कारण पत्ता लागेन भने विष सेवनबाट पनि मृत्यु हुनसक्छ । विष सेवन गरेको अवस्थामा भिसेरा र रगत जाँच गराइन्छ । भिसेरा भन्नाले कलेजोको टुक्रा, दुईवटा मिर्गौलाको आधा-आधा भाग, पेट र पेटमा भएको वस्तु संकलन गरेर जाँच गरिन्छ । यसबाट विष सेवनबाट मृत्यु भएको हो कि होइन भन्ने पत्ता लाग्छ ।

समग्रमा मान्छेको मृत्यु के कारणले भयो भन्ने तथ्य पत्ता लगाउनका लागि शरीरको बाहिरी चोट, भित्री चोट अनि विधिविज्ञान प्रयोगशालाबाट आएको रिपोर्ट हेरेर मानिसको आकस्मिक मृत्यु कसरी भयो भने थाहा पाउन सकिन्छ ।

### मृतकको पहिचान

कुनै मृतकको पहिचान खुलेको छैन भने पहिचान खुलाउन पनि पोस्टमार्टम गर्नुपर्ने हुन्छ । जस्तो उदाहरणका लागि कतै प्लेन दुर्घटना भयो र एकैपटक धेरै जनाको मृत्यु भयो भने त्यहाँ मृतकको पहिचान गर्न गाह्रो हुन्छ । सबैभन्दा पहिले त मृतकको पहिचान खुलाउन उसको उचाइ, तौल, शरीरमा कुनै दाग, ट्याटु छ भने त्यसको आधारमा पत्ता लगाइन्छ । तर यसरी पत्ता नलागेमा मृतकको पहिचान खुलाउने तीन आधार हुन्छ । डीएनए परीक्षण, फिंगरप्रिन्ट र डेन्टल एक्जामिनेसन ।

उदाहरणका लागि मृतकको फिंगर प्रिन्ट उसको नागरिकता वा परिचयपत्रमा मिलाएर उसको पहिचान खुल्ने भयो । यदि कोही व्यक्ति हराएको जाहेरी परेको छ र त्यस्तै हुलियाको व्यक्ति मृत फेला परेमा त्यो हराएको व्यक्तिको शव हो कि होइन भनेर पत्ता लगाउन मृतक र आमाबुबाको डीएनए म्याच गरिन्छ । म्याच भए मृतकको पहिचान खुल्ने भयो ।

### अनुसन्धानमा सहयोग पुग्ने सबुत प्रमाण

सम्भावित जबरजस्ती करणीको केस छ भने भजाइनल स्वाब संकलन गरियो भने पीडितको भजाइनल जाँचबाट पीडकको डीएनए स्याम्पल आउन सक्छ । यसबाट करणी भएको हो कि होइन भन्ने कुरा पत्ता लाग्छ । यस्तै अन्य सबुत प्रमाणको संकलन गर्न पनि पोस्टमार्टम सहयोगी हुन्छ ।

### मृत्यु भएको कति समयभित्र पोस्टमार्टम गर्नुपर्छ ?

मृत्यु भएपछि सकेसम्म छिटो पोस्टमार्टम गर्नुपर्ने हुन्छ । किनकि व्यक्तिको मृत्यु भएको २४ घण्टापछि शरीरमा विभिन्न परिवर्तन हुन थाल्छन्, शरीर सुन्निन थाल्छ । त्यसैले मृत्युको वास्तविक कारण पत्ता लगाउन समयमै पोस्टमार्टम गर्नुपर्छ । मृत्युको कारण पत्ता लगाइसकेपछि फेरि सम्पूर्ण अंगलाई जोडेर परिवारलाई शव बुझाइन्छ ।

*(स्रोत: अनलाईनखबर)*

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : आकस्मिक रुपमा धन प्राप्ति हुने समय योग छ । |
| **वृष** | : हाँके/ ताकेका कामहरु पूर्ण हुने समय योग छ । |
| **मिथुन** | : व्यक्तिगत सुखसुविधामा खर्च बढ्ने योग छ । |
| **कर्कट** | : यात्रा योग र भेटघाटमा समय व्यतित । |
| **सिंह** | : आम्दानी खासै बढ्ने समय योग छैन । |
| **कन्या** | : शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ला । |
| **तुला** | : काममा द्विविधा आइपर्न सक्ने योग छ । |
| **वृश्चिक** | : नसोचेको स्थानबाट आर्थिक लाभ होला । |
| **धनु** | : शरीरमा थकान र उत्साहमा कमी आउला । |
| **मकर** | : आत्मीय मित्रसँग एकान्तमा बसेर रमाइएला । |
| **कुम्भ** | : पुरुषार्थी कामले समाजमा स्थापित भइने छ । |
| **मीन** | : आकर्षक बनिने समय योग रहेको छ । |

# आत्महत्या न्यूनीकरण गर्ने स्वास्थ्यमन्त्री श्रेष्ठको निर्णय

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका नवनियुक्त स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले प्रदेशमा आत्महत्या न्यूनीकरण गर्न संयन्त्र निर्माण गर्ने बताउनुभएको छ । स्वास्थ्यमन्त्री श्रेष्ठले मन्त्री नियुक्त भएपश्चात् पहिलो निर्णय गर्दै जनताको स्वास्थ्यको क्षेत्रमा संयन्त्र बनाई कार्य गर्ने जानकारी दिनुभएको हो ।

आत्महत्या बढ्दै गएकाले प्रदेशमा रहेका १३ वटै प्रादेशिक अस्पतालहरूमा मानसिक रोगको निदान र उपचार सेवा प्रदान गर्ने निर्णय गरेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । मन्त्री श्रेष्ठले स्थानीय तहको साझेदारीमा समुदायस्तरमा मानसिक स्वास्थ्यको निदान एवम् मनोसामाजिक परामर्शलाई सुदृढीकरण गर्न जनचेतनामूलक कार्य गर्ने निर्णय गरेको बताउनुभयो । बागमती प्रदेशमा स्वास्थ्य क्षेत्रका कर्मचारीको व्यवस्थापनमा पनि जोड दिने उहाँले बताउनुभएको छ । आफूले अघिल्लो पटक मन्त्री हुँदा कर्मचारी व्यवस्थापनका लागि ओएनएम गरेको र प्रक्रियागत अघि बढेको बताउनुभयो ।

प्रदेशका सम्पूर्ण स्थानीय तहका कर्मचारीलाई तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने बताउनुभयो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश सरकारले प्राथमिकता दिएको उहाँले बताउनुभयो । प्रदेशमा स्वास्थ्य क्षेत्रमा नीतिगतरुपमा व्यापक सुधार गरेर लैजाने मन्त्री श्रेष्ठले दाबी गर्नुभयो ।

आफू पहिले मन्त्री नियुक्त हुँदा प्रदेशमा जेष्ठ नागरिक, दलित, विपन्न वर्गको स्वास्थ्य बिमा मन्त्रालयले नै गर्ने नीति ल्याएकाले सोहीअनुसार कार्य हुँदै गएकाले राम्रो कार्य गरे जुनै सरकार आए पनि कार्यान्वयन हुनेमा उहाँको जोड छ । प्रदेशका जनतालाई केन्द्रमा राखेर जनताको हितको लागि कार्य गर्ने बताउँदै कर्मचारी व्यवस्थापन गरेर इमान्दारीका साथ काम गर्ने र स्वास्थ्य क्षेत्र व्यवस्थित बनाउने प्रतिवद्धता जनाउनुभयो । श्रेष्ठले दोस्रो पटक स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाउनुभएको हो ।

# बागमती नाम तत्काल खारेज गर्नुपर्छः राजेन्द्र महतो

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय मुक्ति क्रान्ति अभियानका केन्द्रीय संयोजक राजेन्द्र महतोले बागमती प्रदेशको नाम खारेज तत्काल गर्नुपर्ने बताउनुभएको छ। बुधबार हेटौंडामा भएको जनप्रदर्शनलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

संयोजक महतोले सरकारले केही जातजातिहरुको भाषा, संस्कृति र अधिकार खोसेको आरोप लगाउनुभएको छ। उहाँले जातिको पहिचार र अधिकारलाई खोसेर प्रदेशको नाम अरु नै राखेको बताउनुभयो। उहाँले पहिचानको आधारमा बागमती प्रदेशको नाम तत्काल खारेज गरी ताम्सालिङ राख्नुपर्ने बताउनुभयो । उहाँले अहिले देशमा एकलवाद राज्य प्रणाली रहेको भन्दै तत्काल बहुल राष्ट्रिय राज्यवाद हुनुपर्ने बताउनुभएको छ । उहाँले आ-आफ्नो पहिचानका लागि क्रान्ति गर्न आवश्यक रहेको बताउनुभएको छ । आफूहरु ३५ वर्षदेखि मधेसमा पहिचानका लागि लड्दै आइरहे पनि अझै अधिकार पाउन नसकेको भन्दै देशव्यापीरुपमा नै मोर्चा बनाएर अगाडि बढेको बताउनुभयो । एक्काएक्लै लड्दा अधिकार नपाएको भन्दै मोर्चा बनाएर अभियान सुरु गरेको महतोको भनाइ छ ।

कार्यक्रमका संयोजक बुद्ध छिरिङ मोक्तानले बागमती प्रदेशको नाम आफूहरुलाई स्वीकार्य नभएको बताउनुभयो। उहाँले अहिले पहिचानको आधारमा प्रदेशको नामाकरण नगरिएको भन्दै तत्काल खारेज गरेर ताम्सालिङ हुनुपर्ने बताउनुभयो। उहाँले अरुको उपनिवेशमा बस्नुपर्ने राज्य व्यवस्था आफूहरुलाई मान्य नहुने बताउनुभयो । उहाँले प्रदेशका नाम तत्काल खारेज नभएमा सिंहदरबार घेर्ने चेतावनीसमेत दिनुभएको छ ।

# विव्यस अध्यक्षहरुका लागि अभिमुखीकरण



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकामा रहेका ३७ वटा विद्यालयका विद्यालय व्यवस्थापन समिति (विव्यस) अध्यक्षहरूका लागि शिक्षा ऐन तथा नियमावलीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। बुधबार गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा भएको एक दिने क्षमता अभिवृद्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न हो ।

गाउँपालिकाले २०८५ सालभित्र अनिवार्य तथा निःशुल्क शिक्षा लागू गर्ने कार्ययोजना बनाएको चण्डिका माध्यमिक विद्यालयका प्रधानाध्यापक कमल फुयाँलले जानकारी दिनुभयो । अभिमुखीकरण कार्यक्रममा शिक्षा ऐन तथा नियमावलीमा भएका नीतिगत व्यवस्थाका साथै विव्यसको काम, कर्तव्य, अधिकारबारे छलफल भएको छ । कार्यक्रममा शैक्षिक सत्र २०८१ को कार्यविधि र गाउँ शिक्षासँग सम्बन्धित विषयमा समेत अभिमुखीकरण गरिएको बताइएको छ ।

कार्यक्रममा शिक्षकहरुसँग पनि कार्यसम्पादन सम्झौताबमोजिम काम र कार्यान्वयन सहजीकरणका लागि अनुरोध गरिएको छ । साथै, शिक्षक सरुवा कार्यविधिको प्रारम्भिक मस्यौदामाथि छलफल भएको प्रधानाध्यापक फुयाँलले जानकारी दिनुभयो ।

कार्यक्रममा मकवानपुरगढी गाउँपालिका-१ का वडा अध्यक्ष एवम् सामाजिक विकास समिति संयोजक आइत सिंह लोको सभाध्यक्षता तथा गाउँपालिकाका प्रमुख दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रिन नेपाली र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलानको विशेष आतिथ्यमा रहेको प्रधानाध्यापक फुयाँलले जानकारी दिनुभयो ।

# राष्ट्रिय मुक्ति मोर्चा टोलीको हेटौंडामा प्रदर्शन

समाज संवाददाता

हेटौंडाः बुधबार हेटौंडामा राष्ट्रिय मुक्ति मोर्चा अभियानका टोलीले जनप्रदर्शन गऱ्यो । निर्धारित समयभन्दा झण्डै एक घण्टापछि मोर्चा अभियान टोली प्रदर्शनमा उत्रिएको थियो । दिउँसो १ बजे बुद्धचोकमा कार्यक्रम रहेको भन्दै प्रहरी टोली आइपुगे पनि कार्यक्रम २ बजेपछि सुरु भएको हो ।

राप्तीरोड, सीमाचोक र कान्तिराजपथबाट तीन समूहमा आएर बुद्धचोकमा कोणसभामा परिणत भएको थियो । सो क्रममा राजमार्ग नै बन्द हुने गरी बुद्धचोकमा भीड लाग्यो । जिल्ला प्रहरी कार्यालय मकवानपुर र ट्राफिक प्रहरीलाई उक्त भीडलाई नियन्त्रण गरी राजमार्ग खुलाउन गाह्रो भयो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक विक्रम मगर र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख बसन्त आचार्यले आफूहरुलाई बुद्धचोकमा राजमार्ग नै बन्द हुने गरी कार्यक्रम रहेको भन्ने कुनै सूचना नआएको बताउनुभयो। कार्यक्रमका लागि कुनै निकायबाट सूचना नआएको भन्दै प्रहरीले सवारी साधनलाई आवतजावत गर्न राजमार्ग खुलाउने प्रयास गऱ्यो । तर, उक्त अभियान टोलीका सदस्यहरुले उल्टै प्रहरी प्रशासनले दमन गरेको भन्दै एक समूहले आन्दोलन गर्न थाल्यो ।

बुद्धचोकमा मान्छेको भिड जम्मा हुँदा बिरामी लिएर आएको एम्बुलेन्सहरुको आवतजावतसमेत समेत प्रभावित भएको थियो । भिड हटाउन नसकेपछि एम्बुलेन्स पनि फर्केर अरु नै बाटो जानुपऱ्यो ।

कार्यक्रममा सहभागीमध्ये अधिकांश मकवानपुर जिल्ला बाहिरका थिए । ताम्सालिङ प्रदेश घोषणाका लागि आएको टोलीमा मधेशमूलका बढी देखिन्थे । जनप्रदर्शनमा अधिकांश सहभागीहरुमध्ये कतिलाई केका लागि हेटौंडा आएको भन्ने नै थाहा थिएन । आफूहरुलाई खाजा र केही भत्ता दिएर गाडीमा आउने र जाने व्यवस्था गरेपछि आफूहरु सहभागी भएको केहीले खुलाए ।

# भन्सार छलेर ल्याएका सामान प्रहरीद्वारा नियन्त्रण

समाज संवाददाता

हेटौंडाः भन्सार छलेर ल्याएको ७७ लाख रुपैयाँ बराबरको सामान मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । मंगलबार राती मकवानपुर प्रहरीले मनहरीबाट सामान बरामद गरेको हो ।

ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम राजमार्गको मनहरी-७ मा बागमती बि ए डी ४३७० नम्बरको गाडीबाट अबैध सामान बरामद गरेको हो। लोथरबाट हेटौंडातर्फ आउँदै गरेको गाडीलाई सुरक्षाजाँच गर्दा भन्सार छलेर ल्याएको बिलबिजक नभएका बिभिन्न किसिमका साडी, कुर्था सुरुवाल, टिसर्ट, पाईन्ट, जुत्ता लगायतका लत्ताकपडाहरु २ हजार ७ सय ४४ थान, आईफोन, सामसङ, भिभो, आईटेल, र ेड्मी, लगायतका ८२ थान मोबाईलहरु र सवारी साधन समेत गरी ७७ लाख बराबरको समान बरामद गरेको मकवानपुर प्रहरीले जनाएको छ ।

प्रहरीले सामानसहित गाडी चालक उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१३ का २८ वर्षीय राजकुमार चौधरीलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# जीवन बिमासम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः सूर्यज्योति लाइफ इन्सुरेन्स कम्पनीले जीवन बिमासम्बन्धी अभिमुखीकरण कार्यक्रम गरेको छ । कम्पनीले मंगलबार हेटौंडामा डाक्टरहरुसँग जीवन बिमासम्बन्धी अभिमुखीकरण कार्यक्रम गरेको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कम्पनीको रिजनल मेनेजर ईश्वर विकल सापकोटाले सूर्यज्योति इन्सुरेन्स कम्पनीको ४ सय ५५ करोड रुपैयाँ पुँजी रहेको जानकारी दिनुभएको छ। कम्पनीले ३५ वटाभन्दा बढी घातक रोग लागेका व्यक्तिहरुलाई ५० लाख रुपैयाँसम्मको उपचार खर्च दिने गरेको उहाँले बताउनुभयो । ३५ प्रकारका घातक रोगमध्ये कुनै एकको निरुपण भएमा एकमुष्ट ५० लाख रुपैयाँसम्म भुक्तानी दिने, बील भर्पाइ नचाहिने, बिमा गर्ने मानिसको उमेर१८ देखि ५५ वर्षसम्मको हुनुपर्ने र बिमा अवधि ५ वर्षसम्मको हुने उहाँले बताउनुभयो ।

सूर्यज्योति लाइफ इन्सुरेन्स कम्पनीमा जीवन बिमा गर्ने मानिहरुका लागि स्वास्थ्य क्षेत्रमा पनि सहयोग पुग्ने उहाँले बताउनुभयो । कम्पनीमा ५१ प्रतिशत प्रमोटर र बाँकी ४९ पब्लिकको लगानी रहेको उहाँले बताउनुभयो ।

वि.स. २०७४ सालसम्म १९ वटा जीवन बिमा कम्पनी स्थापना भएकोमा हाल १४ वटा जीवन बिमा कम्पनी रहेको उहाँले बताउनुभयो । बिमाले मानिसहरुको आर्थिक क्षेत्र बलियो बनाउन मद्दत गर्ने उहाँको भनाइ छ । एसियालगायत थुप्रै देशमा बिमा गर्ने प्रचलन रहेको उल्लेख गर्नुहुँदै २००४ सालदेखि नेपाल बैंकको सहकार्यमा बिमाको सुरुवात भएको बताउनुभयो । नेपालका अरु कम्पनीहरुमध्ये यस कम्पनीले पब्लिकलाई बोनस दिने गरेको बताउनुभयो ।

सूर्यज्योति लाइफ नेपालको जीवन बिमा क्षेत्रमा आईएसओ प्रमाणित कम्पनी रहेको उहाँले दावी गनुभयो। नेपालको विभिन्न ठाउँमा एक सय ७६ शाखाहरुमार्फत् आम नेपालीहरुमाझ बिमाको पहुँच पुऱ्याउन सफल भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट वरिष्ट सर्जन डा. श्रीधर अर्यालको विशिष्ट आतिथ्य रहेको थियो। कार्यक्रममा वरिष्ट हाडजोर्नी विशेषज्ञ डा. रामचन्द्र सापकोटा, डा.सुन्दरकुमार श्रेष्ठ, वरिष्ट बालरोग विशेषज्ञ डा. हरि बहादुर खड्का, वरिष्ट स्त्रीरोग विशेषज्ञ डा. बिदुर भण्डारीलगायत स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो । कार्यक्रममा कम्पनीका रिजनल मेनेजर सापकोटाले जीवन बिमाको महत्व तथा कम्पनीका विभिन्न बिमा योजना र सुविधाहरुको बारेमा जानकारी दिनुभएको थियो ।

## श्री जनप्रिय माध्यामिक विद्यालय

(प्राविधिक शिक्षालय)

हेटौंडा १६, हटिया चिसापानी

**शिक्षक आवश्यकता**

*(सूचना प्रकाशित मिति : २०८०/१२/२२ गते)*

**यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुर हेटौडामा अंग्रेजी माध्ययममा कक्षा अध्यापनको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८०।१२।२० गतेको निर्णय अनुसार विज्ञान विषयको मा.वि. तृतिय शिक्षक १ (एक जना) पूर्णकालीन शिक्षक पदपुर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचनाआह्वान गरिएको छ ।**

**साथै तलब सुविधा विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।**

**तपसिल:**

| | |
|---|---|
| विज्ञापन नं. | ७/८०(८१ |
| पद | शिक्षक (मा.वि. तृतिय श्रेणी) |
| सेवा | अस्थाथी (करार) |
| संख्या | १ (एक) |
| शैक्षिक योग्यता | विज्ञान विषयमा (द्याक्अ)स्नातक वा सो सरह उतिर्ण हुनुपर्नेछ । |
| उमेर | २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको । |
| दरखास्त दिने अन्तिम मिति | २०८१/०१/०६ गते ,फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सम्म दरखास्त बुझाउन सकिनेछ । |
| सम्पर्क मिति | २०८१/०१/०७ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ । |

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरु:**

एसएलसी/एसइइदेखि माथिका सबै तह उत्तीर्ण लब्धाकंपत्र एवं चारित्रिक प्रमाणपत्रको वा सो सरहको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति, नेपाली नागरिकताको प्रतिलिपी १ प्रति ।


साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. १५००|- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक दाखिला गरेको भौचर संलग्न राखि बुझाउनुपर्नेछ ।

**सम्पर्क: ०५७-५३०१२२, ९८४५२३४७५५**

**शिक्षक छनौट समिति-२०८०**

**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**

**हेटौंडा १६, हटिया चिसापानी**



# यु-१३ खेलाडी छनोट, दोस्रो दिन ५३ जना खेलाडी छानिए




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले आयोजना गरेको यु-१३ का खेलाडी छनोट कार्यक्रमअन्तर्गत् दोस्रो दिन ५३ जना खेलाडी छनोट भएका छन्। मंगलबार हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसमा भएको छनोट कार्यक्रमको दोस्रो दिन सहभागी भएका १ सय ३ जना किशोर खेलाडीमध्ये ५३ जना खेलाडीहरु छनोट भएका हुन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले १३ वर्ष उमेर समूहका किशोर खेलाडी उत्पादन गरेर एन्फा एकेडेमी सञ्चालन गर्नका लागि १३ जिल्लाका फुटबल संघहरुलाई खेलाडी छनोट गर्ने निर्देशन दिएको हो । पहिलो चरणमा सहभागी भएका २ जनाभन्दा बढी खेलाडीमध्ये १ सय ३ जना खेलाडीहरुलाई जिल्लाका प्रशिक्षक विजयलाल श्रेष्ठले छनोट गर्नुभएको थियो । मकवानपुर जिल्लाको विभिन्न ठाउँहरुबाट फुटबल खेलप्रति रुचि भएका इच्छुक खेलाडीहरु सहभागी भएको जिल्ला फुटबल संघ मकवानपुरले जनाएको छ । फुटबल संघका उपाध्यक्ष युवराज लामाको संयोजकत्वमा खेलाडी छनोट भएको हो ।

छनोट प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई विभिन्न समूहमा विभाजन गराएर प्रतिस्पर्धा गराइएको थियो । मंगलबारसम्म २५ जना खेलाडीहरुलाई प्रारम्भीक छनोट गर्ने लक्ष्य लिएकोमा आधाभन्दा बढी खेलाडीहरुको नाम सार्वजनिक भएको हो । दोस्रो दिनको छनोट कार्यक्रममा परीक्षाका कारणले केही खेलाडीहरु अनुपस्थित भएको जनाइएको छ ।

जिल्लाबाट दोस्रो चरणमा छनोट भएका खेलाडीहरुलाई बिहीबार अन्तिम चरणको छनोट प्रतियोगितामा सहभागी गराएर २५ जना खेलाडीहरुलाई जिल्लाको प्रारम्भीक सूचीमा राखिने छ । प्रारम्भीक चरणमा पर्ने खेलाडीहरुलाई विजयलाल श्रेष्ठले प्रशिक्षण दिनु हुनेछ ।

अन्तिम चरणमा सहभागी हुने खेलाडीहरुले नामावलीसहितको परिचयपत्र पेश गर्नुपर्नेछ । प्रारम्भीक चरणमा पर्ने किशोर खेलाडीहरुले चैत २४ गतेदेखि ३० गतेसम्म हुने प्रदेशस्तरीय छनोट प्रतियोगितामा १३ जिल्लाबाट आएका खेलाडीहरुसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रदेशबाट छनोट भएका खेलाडीहरुले बैशाख ३ गतेदेखि १० गतेसम्म हुने एन्फाको अन्तिर चरणको छनोटमा सहभागी हुनेछन् ।

प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडीहरु आफ्नो व्यक्तिगत खर्चमा काठमाडौं जानुपर्नेछ । अन्तिम चरणको प्रतियोगिताबाट छनोट भएका खेलाडीलाई एन्फाले आफ्नै नेतृत्वमा ३ वर्षसम्म प्रशिक्षण दिएर सबै खर्च व्यहोर्नेछ । प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको जन्म मिति २०६७ देखि २०६९ सम्मको हुनुपर्नेछ । बुधबार छात्रातर्फको किशोरी खेलाडीहरुको छनोट कार्यक्रम सुरु हुनेछ ।

# एमाले मकवानपुरको अधिवेशन जेठमा

समाज संवाददाता

नेकपा एमाले मकवानपुरको अधिवेशन आगामी जेठ महिनाको तेस्रो साताभित्र हुने भएको छ। हिजो मंगलबार बसेको पार्टीको जिल्ला कमिटी बैठकले अधिवेशनको मिति तय गरेको हो। बैठकले पार्टी जिल्ला अध्यक्ष एका लाल श्रेष्ठको संयोजकत्वमा अधिवेशन आयोजनाका लागि संगठन कमिटी गठन गरेको छ ।

श्रेष्ठको संयोजकत्वमा १५१ सदस्यीय संगठन कमिटी गठन गरिएको नेकपा एमाले मकवानपुरका सचिव नवीन सिग्देलले जानकारी दिनुभएको छ। एमालेले बैशाख १५ गतेसम्म पार्टी सदस्यता नवीकरण गर्ने, बैशाख मसान्तसम्म वडा अधिवेशन सम्पन्न गर्ने निर्णय पनि गरेको छ । पालिकाको अधिवेशन भने जिल्ला अधिवेशनपछि मात्रै गर्ने निर्णय भएको सचिव सिग्देलले जानकारी दिनुभएको छ। मकवानपुरका १० वटा पालिकामध्ये बागमती गाउँपालिका र थाहा नगरपालिकामा भने अधिवेशन भइसकेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# वडाद्वारा अटिजम सेन्टरलाई सामग्री सहयोग



*अटिजम भएका बालबालिकाका लागि थेरापी गर्ने उपकरण हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः विश्व अटिजम दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ ले सेन्टर फर अटिजम मकवानपुरलाई थेरापीका सामग्रीहरु वितरण गरेको छ । बुधबार एक कार्यक्रमका बीच वडाध्यक्ष नवीन सिग्देलले सामग्री हस्तान्तरण गर्नुभएको हो ।

वडाले ३ लाख रुपैयाँ बराबरको अटिजम सम्बन्धी सामग्री र प्रशासनिक सामग्री वितरण गरेको हो । उक्त सामग्रीहरुले बालबालिकाहरुमा बौद्धिक विकास पुग्ने अपेक्षा गरिएको वडाध्यक्ष सिग्देलले बताउनुभयो । वडाले सोफा एक सेट, ल्यापटप, प्रिन्टर र थेरापीका लागि साइकल, म्युजिक किबोर्ड र स्पीकर लगायतका सामग्री वितरण गरेको हो । २०७८ सालदेखि मकवानपुरमा दर्ता भएर सेवा दिन सुरु गरेको संस्थामा अहिले २४ जना अटिजम भएका बालबालिकाहरु रहेका छन् ।

संस्थाका सचिव शेखर थपलियाले उक्त सामग्रीले संस्थालाई थप सहयोग पुगेको बताउनुभयो । अहिले ठाउँ र विभिन्न सामग्री अभावका कारण अरु अटिजम भएका बालबालिकाहरुलाई भर्ना लिन नसकिरहेको बताउनुभयो । अहिले भाडाका घरमा चलिरहेको संस्थामा स्थान सानो भएका कारण अरु अटिजमका बालबालिकाहरुलाई भर्ना लिन नसकेको उहाँले बताउनुभयो । सामग्री वितरण कार्यक्रममा वडा सदस्य जगन्नाथ पाण्डे, संस्थाका थेरापिष्ट डा. श्रमिका श्रेष्ठ र सदस्यहरु उमा कुमारी पौडेल लगायतको उपस्थिति रहेको थियो ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ